21st of April 2026 (Tuesday)

National News

<u>मुख्य समाचार</u>

- राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीद्वारा सिविल सेवा दिवसको शुभकामना ।।
- राष्ट्रपति मुर्मूद्वारा ओडिशामा 159 करोडका विकास परियोजना उद्घाटन ।।
- सिभिल सेवा दिवसमा उपराष्ट्रपति राधाकृष्णनद्वारा सिविल सेवाको भूमिकामा जोड।।
- पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरण अनि तमिलनाडु विधानसभाको प्रचार समाप्त।।
- रक्षा मन्त्री Rajnath Singhको जर्मनी भ्रमण, द्विपक्षीय रक्षा सहकार्य सुदृढ गर्ने लक्ष्य।।

<u>सिविल सेवा दिवस</u>

राष्ट्रिय सिविल सेवा दिवसका अवसरमा राष्ट्रपति Droupadi Murmu, उपराष्ट्रपति C. P. Radhakrishnan, प्रधानमन्त्री Narendra Modi र गृहमन्त्री Amit Shahले सिविल सेवकहरूलाई शुभकामना व्यक्त गर्नुभएको छ।

उहाँहरूले सिविल सेवकहरूको भूमिका सुशासन सुदृढ बनाउन, नीतिको प्रभावकारी कार्यान्वयन गर्न र नागरिकको जीवनस्तर सुधार गर्न महत्वपूर्ण रहेको उल्लेख गर्नुभएको छ। साथै, इमानदारी, समर्पण र नागरिक-केन्द्रित सेवामार्फत राष्ट्र निर्माणमा योगदान दिन आग्रह गर्नुभएको छ।

<u>राष्ट्रपति Droupadi Murmu</u>

राष्ट्रपति Droupadi Murmu आज एकदिने भ्रमणका क्रममा ओडिशा पुग्नुभएको छ। उहाँ राउरकेलामा करिब 159 करोड रुपैयाँ बराबरका विभिन्न विकास तथा सांस्कृतिक परियोजनाहरू उद्घाटन गर्नुभएको छ।

उहाँले वन परियोजना, जनजातीय सङ्ग्रहालय, तारामण्डल तथा विज्ञान केन्द्रजस्ता संरचनाहरू सञ्चालनमा ल्याउनुभएको छ। साथै, सहरी विकासलाई सहयोग पुग्ने अन्य पूर्वाधार पनि जनताका लागि समर्पण गर्नुभएको छ।

भ्रमणका क्रममा उहाँले विभिन्न प्रतिनिधिहरूसँग भेटघाट गर्ने कार्यक्रम रहेको छ भने साँझ दिल्ली फर्कनुहुनेछ।

## उपराष्ट्रपति C. P. Radhakrishnan

उपराष्ट्रपति C. P. Radhakrishnanले सरकारका योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न सिविल सेवाको महत्वपूर्ण भूमिका रहने बताउनुभएको छ। उहाँले योजनाको वास्तविक परिणाम गाउँस्तरसम्म सही कार्यान्वयन हुँदा मात्र देखिने उल्लेख गर्नुभयो।
उहाँले सरदार वल्लभभाई पटेललाई अखिल भारतीय सेवाका सूत्रधार भन्दै राष्ट्र एकतामा योगदान दिएको स्मरण गर्नुभयो। कार्यक्रममा राज्यमन्त्री Jitendra Singhले प्रधानमन्त्री Narendra Modiको नेतृत्वमा शासन व्यवस्था नागरिक केन्द्रित भएको बताउनुभयो।

## गृहमन्त्री Amit Shah

पश्चिम बंगाल विधानसभा निर्वाचनको पहिलो चरणको प्रचार आज साँझ सकिँदैछ। अन्तिम दिन केन्द्रीय गृहमन्त्री तथा भाजपा वरिष्ठ नेता Amit Shahले पश्चिम बर्धमानको कुल्टीमा आयोजित सभालाई सम्बोधन गर्दै सत्तारूढ तृणमूल कांग्रेस र मुख्यमन्त्री Mamata Banerjeeको सरकारमाथि भ्रष्टाचार, अव्यवस्था र महिला सुरक्षामा असफल भएको आरोप लगाउनुभयो। उहाँले भाजपाले सत्ता पाए सुशासन, समान नागरिक संहिता लागू गर्ने र रोजगारी सिर्जना गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।
उता, मुख्यमन्त्री ममता बनर्जीले हल्दियामा आयोजित सभामा भाजपा माथि झूटा वाचा गरेको आरोप लगाउनुभयो। कांग्रेस, वामपन्थी तथा अन्य दलहरूले पनि राज्यभर आफ्ना उम्मेदवारको पक्षमा प्रचार जारी राखेका छन्।

## मन्त्री Rajnath Singh

भारतका रक्षा मन्त्री Rajnath Singh तीन दिवसीय जर्मनी भ्रमणमा आज म्यूनिख पुग्नुभएको छ र त्यसपछि बर्लिन प्रस्थान गर्नुभएको छ। बर्लिनमा उहाँलाई सैनिक सम्मान प्रदान गरिएको छ।

भ्रमणका क्रममा उहाँले जर्मनीका रक्षा मन्त्री Boris Pistoriusसँग द्विपक्षीय वार्ता गर्नुहुनेछ। वार्तामा रक्षा सहकार्य, संयुक्त उत्पादन, 'मेक इन इन्डिया' पहल तथा रणनीतिक साझेदारी सुदृढ गर्ने विषयमा छलफल हुनेछ। साथै, रक्षा औद्योगिक सहकार्य र तालिमसम्बन्धी समझदारीमा हस्ताक्षर हुने सम्भावना पनि रहेको छ।

## पशुपालन तथा डेयरी विभागकी निर्देशक पूजा रस्तोगी

सरकारले पश्चिम एसियाको तनावका बाबजुद देशभर दूधको खरिद, प्रशोधन र आपूर्ति निर्बाध रूपमा जारी रहेको जनाएको छ। पशुपालन तथा डेयरी विभागकी निर्देशक पूजा रस्तोगीका अनुसार दूध तथा दुग्धजन्य पदार्थको मूल्य स्थिर रहेको छ र बजारमा कुनै समस्या देखिएको छैन।

यसैगरी, सरकारले देशभर घरेलु एलपीजी आपूर्ति पनि सामान्य रहेको जनाएको छ। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले अन्तरमन्त्रालयी पत्रकार सम्मेलनमा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल र एलपीजीको मूल्य बढे पनि देशभित्र आपूर्ति निर्बाध राखिएको जानकारी दिनुभयो।

## वित्त मन्त्री निर्मला सीतारमण

वित्त मन्त्री निर्मला सीतारमणले आदि शंकराचार्यले देशभर विभिन्न संस्थाहरू स्थापना गरी सामाजिक संरचनालाई सुदृढ बनाएको र आज पनि आगामी पुस्तालाई मार्गदर्शन गरिरहनुभएको बताउनुभएको छ। आज दिउँसो ग्लोबल वननेस फेस्टिभललाई भर्चुअल रूपमा सम्बोधन गर्दै उहाँले यस्तो धारणा राख्नुभएको हो।

32 वर्षको छोटो जीवनकालमै आदि शंकराचार्यले देशका उत्तरी, पूर्वी, दक्षिणी र पश्चिमी क्षेत्रहरूमा चार मठ तथा दशनामी सम्प्रदायजस्ता संस्थाहरू स्थापना गर्नुभएको वित्त मन्त्रीले उल्लेख गर्नुभयो। वित्त मन्त्री सीतारमणका अनुसार आदि शंकराचार्य शाश्वत ज्ञान र आध्यात्मिकताको प्रतीकका रूपमा स्थापित हुनुहुन्छ।

## मन्त्री डा. वीरेन्द्र कुमार

केन्द्रीय सामाजिक न्याय तथा अधिकारिता मन्त्री डा. वीरेन्द्र कुमारले नारी शक्ति वन्दन सम्बन्धी संविधान संशोधन विधेयकलाई समर्थन नगरेको भन्दै विपक्षको आलोचना गर्नुभएको छ।

महाराष्ट्रको छत्रपति सम्भाजीनगरमा आयोजित पत्रकार सम्मेलनमा उहाँले राष्ट्रिय हितका लागि सबै दलहरूले विधेयकलाई समर्थन गर्नुपर्ने बताउनुभयो। विपक्षले राष्ट्रिय हितभन्दा राजनीतिक स्वार्थलाई प्राथमिकता दिएको कारण विधेयक पारित हुन नसकेको उहाँको भनाइ छ।

उहाँले विधेयकको विरोध गर्ने दलहरूले भविष्यमा राजनीतिक परिणाम भोग्नुपर्ने चेतावनी पनि दिनुभएको छ।

## रक्षा मन्त्रालय

रक्षा मन्त्रालयले टी–७२ र टी–९० ट्यांकका लागि करिब ९७५ करोड रुपैयाँ लागतमा ट्रल असेंब्ली खरिद गर्न सम्झौता गरेको छ। यो सम्झौता रक्षा सचिव राजेश कुमार सिंहको उपस्थितिमा बीईएमएल र इलेक्ट्रो न्यूमेटिक्स एण्ड हाइड्रोलिक्स (इन्डिया) प्रा.लि.सँग नयाँ दिल्लीमा गरिएको हो।

मन्त्रालयका अनुसार यो उपकरणले बारूदी सुरुङ पत्ता लगाउने तथा निष्क्रिय पार्ने क्षमतामा वृद्धि गर्नेछ। साथै, यस कदमले रक्षा आधुनिकीकरण र स्वदेशी उद्योग प्रवर्द्धनमा सहयोग पुऱ्याउने जनाइएको छ।

## सेनाप्रमुख जनरल उपेन्द्र द्विवेदी

सेनाप्रमुख जनरल उपेन्द्र द्विवेदीलाई अमेरिकाको प्रशान्त क्षेत्रीय सेनाको भ्रमणका क्रममा हवाईस्थित फोर्ट शाफ्टरमा गार्ड अफ अनर प्रदान गरिएको छ।

जनरल द्विवेदीले अमेरिकाको प्रशान्त क्षेत्रीय सेनाका कमान्डिङ जनरल रोनाल्ड पी. क्लार्क तथा अन्य वरिष्ठ अधिकारीहरूसँग रक्षा सहकार्य सुदृढ गर्ने र हिन्द–प्रशान्त क्षेत्रमा शान्ति तथा स्थिरताका लागि साझा दृष्टिकोण अघि बढाउने विषयमा छलफल गर्नुभएको छ।

यस क्रममा उहाँले ओआहू टापुको हवाई भ्रमण पनि गर्नुभएको छ।

## इन्डियन प्रिमियर लिग

आईपीएल क्रिकेटमा अहिले हैदराबादको राजीव गान्धी अन्तर्राष्ट्रिय स्टेडियममा हुँदैछ सनराइजर्स हैदराबाद र दिल्ली क्यापिटल्सको खेल शुरु भएको छ। हिजो, अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा मुम्बई इन्डियन्सले गुजरात टाइटन्सलाई ९९ रनले पराजित गऱ्यो।